## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०५/१८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | उल्लिखित आधार लिई विशेष अदालत काठमाण्डौबाट भएको फैसला देहायका आधार, कारणहरुबाट बदर भागी छ. |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु पदमराज जोशी, जय कुँवर, तेज बहादुर सुनार र शान्ती नाथ (०८२-CR-००५२) **फैसला मिति २०८२।११।०४** | बैंक कर्जा प्रासिको लागि गलत विवरण पेस गरी गराई भ्रष्टाचार गरेको | क. बेलडाँडी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रतिवादीहरु पदमराज जोशी, जय कुँवर र तेज बहादुर सुनारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम सजाय हुन र प्रतिवादी शान्ति नाथलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसूरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरमा मुख्य कसुरदार सरह सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक बाँक्यांश बमोजिम सजाय हुन मागदावी लिइएको। | **अदालतको फैसला**<br>प्रतिवादीहरू पदमराज जोशी, जय कुँवर, तेज बहादुर सुनार र शान्ति नाथ उपरको आरोपदावी पुष्टि हुनसकेको नदेखिँदा निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर गरि फैसला भएको छ।<br><br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>**क.** प्रतिवादी पदमराज जोशीले प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कि.नं. ३५७ मा पक्की घर रहेको भनी नक्सा अभिलेखीकरण/घर नक्सा प्रमाणित गरेको देखिए पनि निज फिल्डमा गएको अवस्था नभई शान्ति नाथले पेश गरेका कागजात र प्राविधिकको प्रतिवेदनको आधारमा घर नक्सा प्रमाणित गरेको देखिएको।<br>**ख.** प्रतिवादी शान्ति नाथले लक्ष्मी बैंक लिमिटेडको शाखा कार्यालय महेन्द्रनगरबाट कर्जा लिँदा घर धितो राखेको अवस्था नभई कि.नं. ३५७ को जग्गा मात्र धितो राखेको देखिएको, उक्त कर्जा प्रस्तुत मुद्दाको उजुर पर्नु अघि मिति २०८०।११।४ मा नै चुक्ता भइसकेको देखिएको।<br>**ग.** सर्भेक्षक आनन्द साउद समेतको स्थलगत प्रतिवेदनबाट शान्ति नाथको नामको कि.नं. ३५७ को जग्गामा घर नभई कि.नं. १५७ को जग्गामा पक्की घर रहेको देखिएको र निज शान्ति | क. प्रतिवादी मध्येका शान्ती नाथले निजको नाउमा दर्ता कायम रहेको कंचनपुर जिल्ला, साविक बेलडाँडी -८ मा रहेको कित्ता नं. ३५७ मा घर रहेकोले घर अभिलेखीकरणका लागि सेती कन्सल्टेन्सी प्रा.लि.ले तयार गरेको घरको नक्सासहित बेलडाँडी गाउँपालिकामा निवेदन दिएको, बेलडाँडी गाउँपालिकाको घरनक्सा पास/अभिलेखीकरण सम्बन्धी कुनै पनि मापदण्ड/कानून निर्माणसमेत नरहेको अवस्थामा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी पदमराज जोशीले उक्त कित्ता नं. ३५७ क्षेत्रफल ४०० बर्ग मिटर जग्गामा बनेको पक्की भवनको ग्राउण्ड फ्लोरको क्षेत्रफल ६९१.१३ ब.फि. भवनको १ सटर ३ कोठा १ गेलरी र सिडी, पहिलो तला सोहि नापको भवनमा ३ कोठा १ गेलरी र १ सिढी र दोश्रो तलाको सोहि नापको भवनमा १ किचन र १ सिढीसहित बनेको पक्की भवनको नक्सा अभिलेखीकरण/घर नक्सा प्रमाणित गरी हुँदै नभएको उल्लिखित झुट्टा तथ्य विवरण उल्लेख गरी गलत कागजात तयार पारेको तथ्य मिशिल संलग्न बेलडाँडी गाउँपालिकाको नक्सा अभिलेखीकरण/घर नक्सा प्रमाणित कागजबाट पुष्टि भएको देखिन्छ। उक्त पालिकाबाट प्रमाणित गरिएको नक्सा अभिलेखीकरण/घर प्रमाणितका आधारमा जग्गाधनी शान्ती नाथले लक्ष्मी सनराईज बैंक, कञ्चनपुर शाखाबाट मिति २०७८।१२।१० गते रु.२३,७५, ०००।००(अक्षरुपी तेईस लाख पचहत्तर हजार) र मिति २०७९।६।१३ गते रु.१०,००,०००।०० (अक्षरुपी दश लाख) गरी जम्मा रु.३३,७५,०००।०० (अक्षरुपी तेत्तीस लाख पचहत्तर हजार) ऋण लिएको तथ्य मिशिल संलग्न लक्ष्मी सनराईज बैंक, कञ्चनपुर शाखाबाट प्राप्त कर्जा सम्वन्धी कागजातवाट पुष्टी भएको देखिन्छ। जिल्ला कन्चनपुर, बेलडाँडी गाउँपालिकाका वडा नं. २ बस्ने शान्ति नाथले बेलडाँडी गाउँपालिका, वडा नं. २ स्थित कित्ता नं. ३५७, क्षेत्रफल ४०० वर्ग मिटर जग्गामा हुँदै नभएको घर छ भनी नक्सा तयार गरी जग्गा/घर धितोमा राखी लक्ष्मी सनराईज बैकबाट ऋण लिएको र उक्त गलत कार्य गर्नका लागि नगरपालिकाबाट प्रमुख प्रशासकीय अधिकृतसमेत नगरपालिकाका कर्मचारीहरु र कन्सल्टेन्सीले समेतले आपसी मिलोमतोमा भ्रष्टाचार गरेको भन्ने समेत बेहोराको उजुरी आयोगमा दर्ता हुन आएकोले सोको अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरका इन्जिनियर मुसहरु सेठसमेत स्थलगत रुपमा उपस्थित भई निज समेतले तयार गरेको मुचुल्कामा जिल्ला कञ्चनपुर, हाल बेलडाँडी गाउँपालिका, वडा नं. २ साविक बेलडाँडी गा.वि.स.वडा नं. ८ को कित्ता नं. ३५७ ज.वि.४०० बर्ग मिटरको जग्गामा कुनै पक्की घर/भौतिक संरचना निर्माण नभएको भनी किटानी रुपमा मुचुल्का सहित स्थलगत प्रतिवेदन पेश गरेको देखिन्छ। सोको अनुसन्धान कै शिलशिलामा नापी कार्यालय, बेलौरी, कञ्चनपुरका सर्वेक्षक आनन्द साउद र अमिन विनायक चौधरीको फिल्ड प्रतिवेदनमा समेत बेलडाँडी गाउँपालिका, वडा नं २, साविक बेलडाँडी गा.वि.स.,वडा नं. ८ कित्ता नं.३५७ को जग्गामा शान्ती नाथको नाममा फिल्डमा कुनैपनि पक्की भौतिक संरचना निर्माण भएको नदेखिएको भनी यसैगरी किटानी रुपमा उल्लेख गरि प्रतिवेदन पेश |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नाथले मिति २०८०।६।१ र मिति २०८०।११।१३ मा घरको अभिलेख सच्याउनको लागि उक्त गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिएको देखिएको।<br>घ. प्रतिवादी जय कुँवरले तेजबहादुर सुनारले पेश गरेको कागजको आधारमा र प्रतिवादी तेजबहादुर सुनारले सेती इन्जिनियरिङ्ग कन्सल्टेन्सीले तयार पारेका कागजातको आधारमा उक्त कि.नं. ३५७ को जग्गामा घर रहेको बेहोरा उल्लेख गरेको देखिएकोमा नक्सा प्रमाणित गर्ने सेती इन्जिनियरिङ्ग कन्सल्टेन्सी र धितो मुल्याङ्कन गर्ने हिमाल इन्जिनियरइङ्ग कन्सलटेन्सीका सम्बद्ध व्यक्तिउपर मुद्दा चलेको अवस्था नदेखिएको।<br>ङ. कर्जा प्रवाह गर्ने लक्ष्मी बैंकको तर्फबाट उजुरी परेको नदेखिएको, कि.नं. ३५७ जग्गामा घर रहेको भनी प्रमाणीकरण गर्ने/ अभिलेख राख्ने कार्यबाट कसैलाई हानीनोक्सानी पुगेको भन्ने पनि नदेखिएको। | गरेको देखिन्छ।यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरका नापी अधिकृत रमेश कुमार सलामीमगरको फिल्ड प्रतिवेदनमा साविक बेलडाँडी गा.वि.स., वडा नं. ८ को नक्सा सिट नं.०२६-०५०४ को कित्ता नं.३५७ को जग्गामा कुनै पक्की संरचना रहेको नदेखिएको भनी उल्लेख भएबाट प्रतिवादीहरु बेलडाँडी गाउँपालिका, कन्चनपुरका प्रमुख प्रशासकीय अधिकृत पदमराज जोशी, सब-ईन्जिनियर जय कुँवर, असिस्टेन्ट सब-ईन्जिनियर तेज बहादुर सुनार तथा जग्गाधनी शान्तीनाथ समेत एक आपसमा मिलेमतो घर समेतका संरचना निर्माण नै नभएको जग्गामा घर निर्माण भएको देखाई झुठ्ठा कागजातको आधारमा लक्ष्मी सनराईज बैंकबाट घर जग्गाको मुल्यांकन गराइ कर्जा लिई फाईदा प्राप्त गर्ने उदेश्यले बेलडाँडी गा.वि.स.वडा नं. ८ को कित्ता नं.३५७ मा निर्माण नै नगरेको/नभएकोमा उक्त जग्गामा घर छ भनी नक्सा अभिलेखीकरण/घर प्रमाणित गर्ने लगायतका गलत कागजात तयार गरि आरोप दावी बमोजिमको कसूर गरेको तथ्य मिशिल संलग्न लिखित प्रमाणबाट पुष्टि भए रहेको देखिदा देखिदै उक्त प्रमाण कागजातहरुलाई नजरअन्दाज गरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदर भागी छ।<br>ख. बेलडाँडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी पदमराज जोशीले अनुसन्धानको क्रममा आफ्नो स्वहस्तलिखित बयान गर्दा निज शान्ती नाथले मिति २०७८ साल माघ २३ गतेका दिन पहिलै निर्माण कार्य सम्पन्न भैसकेको घरको नक्शा प्रमाणित गरि घर अभिलेखीकरण गरि पाउन निवेदन दिएकोले मैले नियमानुसार गर्नुपर्ने सबै प्रकृयाहरु पुरा गरि पेश गर्न सम्बन्धित शाखालाई तोक आदेश गरेको, सम्बन्धित शाखा (प्राविधिक शाखा) का असिस्टेन्टस ईन्जिनियर तेज बहादुर सुनार र सब-ईन्जिनियर जय कुँवरले पेश गरेको प्रतिवेदनको आधारमा नक्शा प्रमाणित तथा घर अभिलेखीकरण प्रमाणित गरिदिएको हुँ। कागजातमा उल्लेख भए अनुसार पालिकाको वडा नं.२ स्थित सीट नं.०२६०५०४, कित्ता नं.३५७ को श्रेत्रफल ४०० वर्ग मिटर जग्गामा ६९१.१३ वर्गफिट भएको पक्की भवन रहेको पक्की घर भएको ठीक साँचो हो ।घर नक्शा प्रमाणिकरण गर्दाका बखत प्राप्त सूचना एवं जानकारीका आधारमा उक्त घर कित्ता नं.३५७ को जग्गामा छ भन्नेमा विश्वस्त भै प्रमाणित गरिएको हो तर उक्त कुरा झुठा भएको भन्ने अहिले जानकारी भएको हो भन्ने समेत व्यहोरा उल्लेख गरेको देखिदा निज प्रतिवादी पदमराज जोशीले प्रमाणित गरेको घर नक्शा प्रमाणिकरण कागज झूट्टा रहेको तथ्य निजको बयान समेतबाट पुष्टि भएको देखिन्छ। प्रमुख प्रशासकीय अधिकृतले मातहतका कर्मचारीमाथि विश्वास गर्नुपर्ने प्रशासनिक सिद्धान्त हुनसक्छ तर विश्वास गर्नु पर्ने सम्मको मानसिव आधार र कारण छ छैन भन्ने सम्वन्धमा जाँच बुझ गरी यथार्थताको वारेमा जानकारी लिई निर्णय गर्ने जिम्मेवारी उक्त सर्टिफिकेट जारी गर्ने अन्तिम निर्णय (Last Approval) गर्ने अधिकारीलाई रहेको तथ्य निर्बिवाद जानकारी लिनु पर्ने अवस्था हुदाँ हुदै निज प्रतिवादीले आफ्नो पदिय उत्तरदायित्ववाट विचलन भई मातहतका कर्मचारी एवं कुनै व्यक्ति विशेषले पेश गरेको कागजात तथा प्राविधिक प्रतिवेदनलाइ विना चेकजाँच निर्णय तथा प्रमाणित गरि आधिकारिकता दिएको तथ्य स्थापित हुदाँ हुदै सो परिस्थितिजन्य तथ्य एवं प्रमाणहरुको विवेचना नगरि प्रतिवादी पदमराज जोशीलाई आरोप दावीवाट सफाइ हुने ठहर गरि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भएको फैसला त्रुटिपूर्ण देखिदा वदरभागी छ।<br>ग. प्रतिवादीहरु जय कुँवर र तेजबहादुर सुनार सामान्य प्रशासनिक कर्मचारी मात्र नभई सवईन्जिनियर तथा असिस्टेन्ट सवईन्जिनियर पदका प्राविधिक कर्मचारी रहेको देखिन्छ। यि प्रतिवादी जय कुँवर र तेजबहादुर सुनारले घर जग्गा प्रमाणितको लागि प्रतिवेदन गर्दा सो कित्ता जग्गा रहेकै स्थलमा गई छरछिमेक समेत बुझि जग्गा एकिन गरि सो जग्गामा घर लगायतको संरचना छ छैन भन्ने तथ्य प्रत्यक्ष आफ्नो ईन्द्रियवाट हेरी नापजाँच गरि स्पष्ट प्रतिवेदन पेश गर्नु पर्नेमा यि प्रतिवादी द्वयले सेती इन्जिनियरिङ्ग कन्सल्टेन्सीबाट तयार भएको भनिएको प्रतिवादी शान्ति नाथले पेस गरेको कागजात कै आधारमा विवरण ठीक छ भनि शिफारिस गर्ने कार्य आफैमा गैर जिम्मेवार र बदनियतपुर्ण रहेको देखिन्छ। प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा उक्त कि.नं. ३५७ मा घर छ भनि एकिन गर्ने शिलशिलमा स्थलगतरुपमा बुझ्दा कि.नं. ३५७ मा घर नै नभएको तथ्य ईन्जिनियर मुसहरु सेठ समेतको स्थलगत अनुगमन तथा निरक्षण प्रतिवेदन, नापी कार्यालय बेलौरीका सर्वेक्षक आनन्द साउदको फिल्ड प्रतिवेदन, नापी अधिकृत रमेशकुमार सलामी मगरको फिल्ड प्रतिवेदनवाट देखिदा यि प्रतिवादीद्वयले गलत प्रतिवेदन पेश गरेको तथ्य निर्वाद पुष्टि भएको देखिन्छ भने प्रतिवेदकहरु मुसहरु सेठ, रमेश कुमार सलामी मगरसमेतले अदालतमा उपस्थित भइ गरेको वकपत्र समेतबाट सो तथ्य स्थापित भएको देखिँदा उक्त बकपत्र लगायतका प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा २० र दफा १८ बमोजिम प्रमाणमा लिनु पर्ने सो प्रमाणलाई ग्रहण नगरि निज प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटिपूर्ण रहेको हुँदा वरदभागी छ।<br>घ. विशेष अदालतले प्रतिवादीहरुलाई सफाइ दिंदा बैङ्कको कर्जा पूर्ण रूपमा चुक्ता भएको र धितो फुकुवा भएको तथ्यलाई सफाईको महत्वपूर्ण आधार बनाएको छ, तर कर्जा चुक्ता हुनु कसूर हुनै नसक्ने अवस्था होइन। कुनै व्यक्तिले गलत लिखत प्रयोग गरी कर्जा प्राप्त गरिसकेपछि पछि कर्जा चुक्ता गरेको कारणले पहिले तयार भएको गलत लिखत वैध वा सत्य हुँदैन। त्यसैगरी, कर्जा चुक्ता भएको कारणले गलत लिखत तयार गर्दा रहेको आपराधिक मनसाय स्वतः समाप्त हुँदैन। अपराध सम्पन्न भएपछि भएको परिपूर्ति वा आर्थिक अवस्था पुनः सामान्य भएको तथ्यलाई अपराधको प्रारम्भिक मानसिक तत्व नष्ट गर्ने आधार बनाउन मिल्दैन। त्यसै गरी प्रतिवादी शान्ति नाथले बैङ्कबाट कर्जा लिँदा घर नभई कि.नं. ३५७ को जग्गा मात्र धितो राखेको भन्ने तथ्यलाई विशेष महत्व दिएको छ तर यसबाट गलत घर नक्सा प्रमाणित गर्नुको प्रयोजन समाप्त हुँदैन किनभने बैङ्कको कर्जा मूल्याङ्कनमा सम्पत्तिको अवस्था, भवन, संरचना तथा सम्पत्तिको समग्र मूल्य महत्वपूर्ण हुन्छ। मिसिलमै बैङ्कका मूल्याङ्कनकर्ताले कि.नं. ३५७ मा रहेको भनिएको भवनको भौतिक मूल्याङ्कन गरी रू.४८,६५,५५२।२० मूल्याङ्कन गरेको तथ्य उल्लेख छ। यसबाट गलत घर विवरण बैंकिङ निर्णय प्रक्रियासँग सम्बन्धित र आर्थिक प्रयोजनयुक्त विवरण थियो भन्ने परिस्थितिजन्य तथ्यलाई उपेक्षा गर्न मिल्दैन। साथै गलत विवरणमा आधारित घरको मूल्याङ्कन समेत भएको अवस्थामा त्यसको उपयोगितालाई केवल "घर धितो राखिएको थिएन" भन्ने आधारमा प्रतिवादीहरुलाई निजहरुले गरेको कसुरजन्य कार्यबाट उन्मुक्ति दिन मिल्ने अवस्था देखिदैन। गलत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | विवरण पेश गरेर कर्जा लिने अनि उक्त कर्जा चुक्ता गरेको आधारमा प्रतिवादीहरुलाई सफाई दिने मिल्ने अवस्था हुदैंन। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको ने.का.प. २०६३ अंक ५ नि.नं. ७७०७ मा **“भ्रष्टाचारको अपराधमा विगो असुल गर्ने मात्र कानूनको मनसाय होइन। समाजमा स्वच्छ प्रशासन कायम राखी उच्च नैतिकता कायम राख्न भ्रष्टाचारको कसूरमा अभियुक्तलाई कैद सजाय गरी Deterrent effect सिर्जना गर्ने समेतको ऐनको लक्ष्य र उद्धेश्य हुने” भनि सिद्धन्त प्रतिपादन भएको छ। उक्त सिद्धन्त समेतको आधारमा** कर्जा चुक्ता गरेकै आधारमा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ।<br>ङ. प्रतिवादी मध्येका शान्ति नाथको हकमा हेर्दा निजको नामको कि.नं. ३५७ को जग्गामा घर रहेको देखाइ गलत लिखतको आधारमा बढी मुल्यांकन कायम गरि बैंकबाट कर्जा लिइ फाइदा प्राप्त गर्ने उदेश्यले सेती इन्जिनियरिङ कन्सल्टेन्सीवाट तयार भएको भनिएको घरको झुठ्ठा नक्शा तयार गरि सोहि नक्साको आधारमा हिमाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सीवाट मुल्यांकन गराई घर जग्गाको अभिलेखीकरण गर्नको लागी स्थानिय पालिकामा निबवेदन सहित झुठ्ठा कागजात पेश गरेको देखिन्छ। निज प्रतिवादीले अन्य प्रतिवादीहरु पदमराज जोशी समेतको मिलेमतोमा घर जग्गाको नक्सा प्रमाणिकरण तथा अभिलेखिकरण गर्ने समेतको कार्य गरेको देखिन्छ। उक्त कार्यवाट फाइदा प्राप्त गर्ने मुख्य व्यक्ति निज प्रतिवादी शान्ति नाथ नै रहेको तथ्य समेत पुष्टि भएको छ। उक्तवाट प्रतिवादीले फाईदा प्राप्त गरे पश्चात भ्रष्टाचारजन्य अपराधवाट उन्मुक्ति प्राप्त गर्ने उदेश्यले निज प्रतिवादीले मिति २०८०।६।१ र २०८०।११।१३ मा अभिलेख सच्याउन निवेदन दिएको देखिन्छ। यि प्रतिवादीले झूठ्ठा कागजात तयार गरि कसूरजन्य कार्य गरि सके पश्चात पछिवाट उक्त कार्य सच्याउन निवेदन दिएको कै आधारमा पूर्ववर्ती बदनियतलाई पूर्ण रूपमा अस्वीकार गर्न मिल्दैन। प्रतिवादी शान्ति नाथलाई आफ्नै घर कुन कित्तामा छ थाहा नहुनु, "मैले कुन कित्तामा घर बनाएँ थाहा भएन" भन्नु विश्वनिय देखिदैन। कुनै संरचना नै नभएको जग्गामा घर छ भनि झुट्टा विवरण पेश गरी कार्य सम्पन्न पश्चात बैकबाट ऋण समेत लिएको र उक्त विषय वाहिर आए पछि विवरण सच्याउन निवेदन दिने र ऋण चुक्ता गर्ने कार्यबाट नै निजको बदनियत रहेको तथ्य पुष्टि भई रहेको अवस्थामा प्रतिवादी शान्ति नाथलाई ऋण चुक्ता गरेकै आधारमा सफाई हुने ठहर गरी भएको उक्त फैसला त्रुटिपूर्ण देखिदा वदरभागी छ।<br>च. भ्रष्टाचारजन्य कसूरमा अनुसन्धान तथा अभियोजन गर्ने अन्तिम अधिकार नेपालको संविधानले नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई ग्यारेन्टि गरेको पाईन्छ। यस्ता मुद्दामा कसैलाई अभियोजन गर्यो कसलाई गरेन भनि अभियोजनको कार्यक्षेत्रमा अदालत प्रवेश गर्न हामीले अपनाएको कानून प्रणालीले मिल्दैन। कसैलाई अभियोजन नभएको भन्ने आधारमा मिशिल संलग्न प्रमाणको विवेचना नगरि अभियोजन गरिएका प्रतिवादीहरुलाइ सफाइ दिने कार्य हामीले अपनाएको न्यायिक अभ्यासवाट समेत मिल्ने देखिदैन। यसै गरि कर्जा प्रवाह भएको “बैङ्कले उजुरी नगरेको” भन्ने आधार पनि यि प्रतिवादीहरुवाट झूठ्ठा कागजात तयार गरि भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ९ को कसूरजन्य कार्य भए कै होइन भनि तर्क गर्न मिल्ने अवस्था समेत देखिदैन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ ले केवल पीडित संस्थाको उजुरीमा मात्र अपराध कायम हुने व्यवस्था गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | छैन। गलत लिखत तयार गर्ने राष्ट्रसेवकको कार्य आफैमा राज्यको प्रशासनिक अभिलेख तथा सार्वजनिक विश्वासमाथिको गम्भीर आघात हो। यसकारण बैङ्कले उजुरी नगरेको, कर्जा असुल गरेको वा धितो फुकुवा भएको भन्ने तथ्यले गलत सरकारी लिखत तयार गर्ने समेतका आपराधिक कार्यवाट उन्मुक्ति हुने अवस्था नदेखिदा  यि प्रतिवादीहरुलाई सफाई दिदा विशेष अदालतवाट ग्रहण गरिएका आधारहरु तथ्ययुक्त नदेखिदा वदरभागी छ।<br>अतः उपरोक्त उल्लिखित तथ्य प्रमाणहरुको विवेचना नगरि प्रतिवादीहरु पदमराज जोशी, जय कुँवर, तेजबहादुर सुनार र शान्ति नाथलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी निज प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम सजाय गरि पाउँन सम्मानित अदालत समक्ष सादर अनुरोध छ। |